**खोटेहाङ गाउँपालिकाले आ.व. २०७५।०७६ को अर्धवार्षिक अवधिमा सम्पादन गरेका कामको प्रगति मिति २०७५/१०/१४ गते हुने सार्वजनिक सुनुवाई कार्यक्रमकालागि तयार गरीएको विवरण - २०७५**

**सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित अथितिज्यूहरु**
**उपाध्यक्षज्यू**
**वडा अध्यक्ष तथा सदस्यज्यूहरु**
**कर्मचारी साथिहरु, सार्वजनिक सुनुवाईका माध्यम बाट साक्षात्कार हुन उपस्थित सम्पुर्ण आमा वुवा, दिदि बहिनी तथा दाजु भाईहरु ।**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा पछि बनेको नेपालको संविधान २०७२ ले ३ (तीन) वटा सरकारको परिकल्पना गरेको छ, जस अन्तर्गत संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह (सरकार) रहेका छन् । हामी स्थानीय तह(सरकार) को रुपमा स्थापीत भएका छौ , जुन जनताको नजिकको सरकारको रुपमा चित्रित छ । स्थानीय तहलाई जनताले आफ्नो सरकार तथा नजिकको सरकारको रुपमा बुझेका छन् र हामी जनताको नजिकको सरकारका प्रतिनिधि भएका नाताले जनता संगै रहेका छौ । नेपालको वर्तमान शासन व्यवस्थाको मुल मर्म भनेको जनताको सरकार जनता संगै हुनु पर्छ भन्ने हो । जनता संगै रहेको सरकारले जनताका समस्या के छन् ? जनताको चासो र सरोकार के छ ? जनता के चाहन्छन् ? खासमा जन अपेक्षा के छ ? बुझ्नु आवश्यक छ । छलफल गर्न, अन्तक्रिर्या गर्न , वहस गर्न, सरकारको नीति तथा कार्यक्रम प्रस्ट्याउन आवश्यक छ । आज किन संघीय साशन प्रणालिका सम्वन्धमा जनतामा निरासा छ ? किन यो साशन प्रणालि लाई अपनत्व ग्रहण गर्न सकि रहेका छैनन् ? किन सरकारका काम कार्वाही प्रति जनता आक्रोस व्यक्त गरीरहेका छन ? के सरकारका प्रतिनिधिहरुले संघीय साशन प्रणालिका सम्वन्धमा, सरकारका नीति तथा कार्यक्रमका सम्वन्धमा जनता सम्म पुगेर छलफल, अन्तरक्रिया गर्न समय नदिएकाले हो ? अथवा जनताले बुझ्न चाहेको विषय वस्तु माथि बुझाउन नसकेका कारणले हो ? त्यसो हो भने स्थानीय सरकार संग सम्वन्धित विषय स्थानीय सरकारका प्रतिनिधिहरु जनताका जिज्ञाशाहरुमा छलफल, अन्तरक्रिया र बहस गर्न तयार छौ साथै जन अपेक्षा, जनताका चासो र सरोकारका सम्वन्धमा, जनताका समस्याका सम्वन्धमा जनतासंगै रहेर समाधान खोज्न चाहान्छौ, निकास निकाल्न चाहान्छौ । जनताका अधिकारका विषयमा स्थानीय सरकार गम्भीर छ । जनताका अधिकार संगै कर्तव्य पनि छन् आफ्नो अधिकार खोज्दै गर्दा कर्तव्य पनि पालना गर्नु पर्दछ, त्यस्तै सरकारका पनि कर्तव्य छन्, दायित्व छन । आफ्नो कर्तव्य र दायीत्व प्रति स्थानीय सरकार सचेत छ र जनताहरु पनि आफ्नो अधिकार र कर्तव्य प्रति सचेत रहनु पर्छ भन्ने हाम्रो चाहना छ ।

यीनै कर्तव्य र दायित्व बुझेर नै आज खोटेहाङ गाउँपालिकाका प्रतिनिधि अर्थात स्थानीय सरकारका प्रतिनिधिहरु सार्वजनिक सुनुवाई कार्यक्रमको माध्यमबाट माथी उठाईएका विषयहरुका सम्वन्धमा जनता संगै बसेर छलफल तथा अन्तरक्रिया गरी बुझ्न र बुझाउन चाहान्छौ । यसै हेतुले आज खोटेहाङ गाउँपालिकाले यहाँहरुलाई एकै ठाउँमा उपस्थीत गराएका छौ । हाम्रो निमन्त्रणा लाई स्वीकार गरी उपस्थीत हुनु भएका यहाँहरुलाई हार्दीक धन्यवाद दिन चाहान्छु । मेरो अन्तर हृदय देखी नै हार्दिक सम्मान र स्वागत गर्दछु ।

# सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाई कहिले बाट सुरु भयो भन्ने त ठ्याक्कै भन्न सकिन्न तर औधोगिक क्रान्तिले ल्याएको लहर संगै १९ औं शताब्दि तिर सार्वजनिक सेवाको अवधारण विकास भएको पाईन्छ । सार्वजनिक सेवालाई जवाफदेहि र पारदर्शि बनाई समाजको दिगो विकासका लागी विकसित देशहरुले प्रयोगमा ल्याएको पाईन्छ । सेवा ग्राहि र सेवा प्रदायक विच प्रश्नोतर विधि बाट सूचना आदन प्रदान गर्ने माध्यमनै सार्वजनिक सुनुवाई हो ।

सार्वजनिक सुनुवाई एउटा ऐना हो जसरी ऐना हेर्दा हाम्रो सम्पुर्ण मुखाकृती लाई प्रस्ट्याउछ र म कस्तो छु, मेरो मुखाकृती कहाँ विग्रीयको छ वा नराम्रो छ राम्रो बनाउन वा हुन के गर्ने भन्ने प्रस्ट हुन्छ, त्यस्तै  सरकारले गरेका काम कार्वाही कस्ता छन, कसरी सम्पादन भएका छन, सम्पादीत काम कार्वाहीमा जनताको मत के छ , के कस्ता गुनासा छन, अव के गर्दा जन अपेक्षा अनुसारको वनाउन सकीन्छ भन्ने जाँच हो सार्वजनिक सुनुवाई ।
यसले विग्रीएका काम वा नराम्रा कामको खवरदारी गरी राम्रो बनाउन मद्दत पनि गर्दछ ।

सार्वजनिक सुनुवाईले पारदर्शिता, मितव्ययीता , नैतिकता, जवाफदेहीता, जिम्मेवारीबोध, कर्तव्य निष्ठता, मेलमिलाप र आपसी सम्वन्धलाई सुमधुर बनाउदै सुसाशन कायम गर्न सहयोग पुर्‍याउने हुँदा पछिल्लो समयमा सार्वजनिक सुनुवाई कार्यक्रमको महत्व बढ्दै गइरहेको छ । यसै हुनाले खोटेहाङ गाउँपालिकाको वार्षिक कार्यक्रममा चालु आ.व.को अवधिमा ३ पटक सम्म सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी सम्पादीत कामको समग्र मुल्याङ्कन गर्न जनता सम्म पुर्‍याउने उदेश्यले खोटेहाङ गाउँपालिकाले वार्षिक नीति कार्यक्रममा महत्वका साथ समावेश गरेको छ ।

### चालु आ.व. २०७५।०७६ को स्वीकृत योजना , कार्यक्रम र बजेटको विवरण

| खोटेहाङ गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, खोटाङबजार, खोटाङ<br>आ.व. २०७५/७६ को | | | | |
|---|---|---|---|---|
| **गाउँपालिका अनुदान (वित्तिय समानिकरण र सशर्त अनुदान) तर्फको वार्षिक बजेट बाँडफाँड कार्यक्रम विवरण** | | | | |
| **आय शिर्षक** | **आ.व. २०७५।७६ को प्रस्तावित आय रकम** | **बजेट शिर्षक नं.** | **व्यय शिर्षक** | **आ.व. २०७५।७६ को प्रस्तावित व्यय रकम** |
| **२.१.१.२ नेपाल सरकारबाट प्राप्त अनुदान** | | | **क. चालु खर्च** | **५८८८४३००।००** |
| **क.** बित्तीय समानिकरण अनुदान | ८६९००००० ।०० | २११११ | तलव | ६००००००।०० |
| **ख.** सशर्त अनुदान | १४३१००००० ।०० | २१११२ | स्थानीय भत्ता | ८४५५००।०० |
| **ग.** गत आर्थिक बर्षको बाँकी | २२७७५१६१ ।७९ | २१११३ | महंगी भत्ता | ८४००००।०० |
| **घ.** आन्तरिक आय | १६०९५५०।०० | २१११९ | अन्य भत्ता (कार्यपालिका, गाउँसभा र अन्य) | १००००००।०० |

| | | | | |
|---|---|---|---|---|
| **ङ.** राजस्व बाँडफाँडबाट आम्दानी | ६४४२९००० ।०० | २१११० | पदाधिकारी सुविधा भत्ता | ३३५४००० ।०० |
| **च.** प्रदेश सरकारबाट प्राप्त | ३३२५००० ।०० | २११२१ | पोषाक भत्ता | ३५०००० ।०० |
| **छ.** सवारी साधन करको राजश्व बाँडफाँड | ६३५२००० ।०० | २१११४ | फिल्ड भत्ता | २४०००० ।०० |
| | | २२१११ | धारा पानी विजुली | २००००० ।०० |
| | | २२११२ | सञ्चार महशुल | ७००००० ।०० |
| | | २२१२१ | घर भाडा | ५००००० ।०० |
| | | २२१२२ | अन्य भाडा (गोदाम गाडी आदि) | ३००००० ।०० |
| | | २२२११ | इन्धन (सवारी साधन) | ५००००० ।०० |
| | | २२३१४ | इन्धन अन्य | २००००० ।०० |
| | | २२२१२ | सञ्चालन तथा मर्मत संभार खर्च | ६००००० ।०० |
| | | २२२१३ | बीमा (सवारी साधन) | १००००० ।०० |
| | | २२३११ | कार्यालय सम्वन्धी खर्च | १५००००० ।०० |
| | | २२४१२ | अन्य सेवा शुल्क | ४८००००० ।०० |
| | | २२५११ | कर्मचारी पदाधिकारी तालिम | ८००००० ।०० |
| | | २२५१२ | सीप विकास जनचेतना तालिम तथा गोष्ठी सम्वन्धि खर्च | ५१००००० ।०० |
| | | २२५२२ | कार्यक्रम खर्च (२२५१२ बाहेकका सबै किसिमका कार्यक्रम) | २५५०००० ।०० |
| | | २२६११ | अनुगमन मुल्यांकन खर्च ( कर्मचारी र पदाधिकारीको दैनिक भ्रमण भत्ता समेत) | २१५०००० ।०० |
| | | २२६१२ | भ्रमण खर्च (कर्मचारी सरुवा खर्च) | ५००००० ।०० |
| | | २२७११ | विविध खर्च | २०००००० ।०० |
| | | २२५२२ | कृषि विकास कार्यक्रम | ५०००००० ।०० |
| | | २२५२२ | पशु विकास कार्यक्रम | १०००००० ।०० |
| | | २२५२२ | वन विकास कार्यक्रम | ५००००० ।०० |
| | | २२५२२ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५८१००० ।०० |
| | | | मर्मत संभार कोष | ५००००० ।०० |
| | | | समपुरक कोष | १०००००० ।०० |

| | | | | |
|---|---|---|---|---|
| | | | विपद् व्यवस्थापन कोष | १८०००००।०० |
| | | २२५३१ | औषधी र स्वास्थ्य सामाग्री खरिद | २००००००।०० |
| | | २२३११ | ढुवानी खर्च | ५०००००।०० |
| | | २२३११ | वडा कार्यालय सञ्चालन खर्च | ५४०००००।०० |
| | | २१११९ | महिला स्वा.स्व.से. प्रोत्साहन भत्ता | ९२८०००।०० |
| | | २२५१२ | पत्रकारिता रिफ्रेस तालिम | २५००००।०० |
| | | | श्रोत केन्द्र व्यवस्थापन | ७५०००।०० |
| | | | कक्षा ८ को परिक्षा सञ्चालन | २०००००।०० |
| | | २१११९ | रात्रीकालिन सेवा भत्ता | २१६०००।०० |
| | | २१११९ | जोखिम भत्ता | ६४८००।०० |
| | | | स्वास्थ्य कार्यालय व्यवस्थापन | ९००००।०० |
| | | | टकिङ्ग पेन | २५००००।०० |
| | | २२५३१ | आयुर्वेद औषधि खरीद | २०००००।०० |
| | | | वृत्तचित्र निर्माण | ५०००००।०० |
| | | | ई-हाजिरी खरीद | ६०००००।०० |
| | | | पर्यटन विकासकोलागि डि.पि.आर | १००००००।०० |
| | | | शैक्षीक सुधार कार्यक्रम | ११०००००।०० |
| | | | **ख. पूँजिगत खर्च** | **१२६५०६४११।७९** |
| | | २९५११ | मेशिनरी औजार | १००००००।०० |
| | | २९३११ | फर्निचर | १००००००।०० |
| | | २९२३० | अन्य पूँजिगत खर्च | १२४५०६४११।७९ |
| | | | **ग.सशर्त अनुदान** | **१४३१०००००।००** |
| | | | सशर्त अनुदान(कार्यक्रममा तोकिए बमोजिम) | १४३१०००००।०० |
| **कुल जम्मा** | ३२८४९०७११।७९ | | **कुल जम्मा (क) (ख) (ग) को** | ३२८४९०७११।७९ |

अव म चालु आ.व. २०७५।०७६ का कार्यक्रमहरु मध्ये प्रथम चौमासिक अवधिमा के कति कार्यन्वयन भए यस माथि प्रकास पार्न चाहन्छु ।

## चालु आ.व.को अर्ध वार्षिक अवधिको प्रगति :

**योजना :**

चालु आ.व. २०७५।०७६ मा वडा गत रुपमा स्वीकृत भएका योजना संख्या १२० वटा र चालु प्रकृतिका ३८ वटा गरी जम्मा १५८ वटा गाउँपालिकाले स्वीकृत गरेको छ। वडागत रुपमा स्वीकृत भएका योजना र कार्यक्रमहरुमा कुल रु. ४,२१,३३,३११ (चार करोड एक्काइस लाख तेत्तिस हजार तिन सय एघार) रकम विनियोजन भएको छ। वडागत योजनाहरुको कार्यान्वयन ५५ % तथा ८७ वटा छन्।

गाउँपालिकाले जम्मा ५० वटा योजना स्वीकृत गरी रु. ८,४३,७३,१००.७९ (आठ करोड त्रिचालिस लाख त्रिहत्तर हजार एक सय पैसा उनान्असी ) रकम विनियोजन गरेको छ। ति मध्ये देहाय अनुसार वर्गिकरण गरिएको छ।

| क्र.स. | विवरण | संख्या | रकम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | भवन निर्माण | १३ | २,९६,२८,५०८.७० | ९ वटा |
| २ | सडक | १२ | १,७९,२७,१८९ | ७ वटा |
| ३ | सवारी साधन खरीद | २ | ६५,००,००० | प्रकृयामा |
| ४ | विधुत,सोलार प्रणालि सहित | ६ | १,६४,३७,४०३.०९ | ३ वटा |
| ५ | फर्निचर निर्माण तथा खरीद | ८ | २६,००,००० | ५ वटा |
| ६ | खानेपानी | २ | ९,००,००० | प्रकृयामा |
| ७ | मेशिनरी औजार तथा विधुतिय उपकरण खरीद | १ | १०,००,००० | प्रकृयामा |
| ८ | खेलमैदान, पर्यटन, पार्क, मन्दिर | ६ | ४३,८०,००० | ४ वटा |
| **जम्मा** | | **५०** | **८,४३,७३,१००.७९** | **२८ वटा** |

**सामाजिक समावेशि कार्यक्रम :**

| क्र.स. | विवरण | संख्या | रकम | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | सामाजिक समावेशि कार्यक्रम | ६ | २९,००,००० | ३ वटा |

**राजश्व संकलन :**

| वडा नं./गाउँपालिका | रकम | अवधि |
|---|---|---|
| १ | २०,८०३.४८ | श्रावण देखि पौस मसान्त सम्म |
| २ | १३,२३३.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ३ | ५६,६९३.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ४ | ३२,००७.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ५ | १०,४०४.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ६ | ४६,४२९.९५ | श्रावण देखि पौस मसान्त सम्म |
| ७ | ५८,६१०.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ८ | ५४,२६१.०० | श्रावण देखि पौस मसान्त सम्म |
| ९ | २९,६५३.०० | श्रावण देखि पौस मसान्त सम्म |
| गाउँपालिका | ११,११०.०० | श्रावण देखि पौस मसान्त सम्म |
| **जम्मा** | **३,३३,२०४.४३** | |

**योजना/कार्यक्रमगत भुक्तानि विवरण :**

चालु आ.व.मा संचालन भएका योजना तथा कार्यक्रमहरुलाई हाल सम्म रु. ९८,८०,०००.०० (अन्ठानब्बे लाख असि हजार) पेश्की स्वरुप र रु.५१,३७,७५८.०० (एकाउन्न लाख सैतिसहजार सात सय अन्ठाउन्न) भुक्तानि उपलब्ध गराईएको छ ।

**स्वास्थ्य तथा सरसफाई :**

**स्वास्थ्य तथा सरसफाई शाखा बाट आ व ०७५।७६ को श्रावण देखि हाल सम्म संचालित सम्पन्न कार्यहरु :**

**शसर्त कार्यक्रम अर्न्तगत :**

१. पहिलो चरणको राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी आम वितरण कार्यक्रम (कार्तिक)
२. अभिलेख तथा प्रतिबेदन छपाई ।
३. स्वास्थ्य चौकी स्तरमा फर्निचर वितरण कार्य भइरहेको ।
४. निशुल्क स्वास्थ्य सेवाका लागी पहिलो चौमासिकमा औषधी खरिद गरी सबै स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको ।
५. FCHV सेवा दिवश मनाउने कार्य सम्पन्न ( मंसिर १९)
६. महिला स्वास्थ्य स्वयं सेविकाहरुको अर्धवार्षिक गोष्ठी सम्पन्न (प्रत्येक स्वास्थ्य चौकीहरुमा)
७. किशोर किशोरी कार्यक्रम अर्न्तगत महिनावारी ब्यवस्थापनका लागी १ स्कुलमा स्यानेटरी प्याड वितरणका लागी खरिद भई वितरण हुन बाँकी ।
८. क्षयरोग नियन्त्रण कार्यक्रम अर्न्तगत उपचार केन्दका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्न कोहर्ट बिश्लेषण कार्यक्रम सम्पन्न ।
९. स्थानिय तहका स्वास्थ्य युनिटमा डी. एच. आई.एस. २ सिस्टम अपडेटका लागी कम्पयुटर प्रिन्टर खरिद कार्य सम्पन्न भएको ।

**पालिका तर्फको चालु कार्यक्रम**

१. निःशुल्क स्वास्थ्य सेवाका लागी पहिलो चौमासिकमा औषधी खरिद गरि सबै स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको ।
२. स्वास्थ्य संस्था लाई स्टेशनरी खरिद तथा वितरणको कार्य भईरहेको ।
३. आ व ०७५।७६ को स्थानिय तह स्तरिय स्वास्थ्य क्षेत्रको वार्षिक समिक्षा गोष्ठी सम्पन्न ।
४. नियमित भ्याक्सिन ढुवानीको कार्य भईरहेको ।
५. वडा नं. ९ लिच्किराम्चे लाई पुर्ण सरसफाई उन्मुख वडा घोषणा (२०७५।०६।२२)
६. वडा नं. ६ इन्देणीपोखरीमा मिति २०७५।०५।१७ देखि प्रशुतिगृह सञ्चालन
७. गर्भवति महिला जाँचका लागि वन हार्ट वल्ड वाईड संस्था मार्फत RUSG मेशिन प्राप्त भई सम्पुर्ण वडामा घुम्ति सेवा दिन थालिएको । अन्य वडाका स्वास्थ्य चौकीहरुमा भौतिक पुर्वाधारका सामाग्री खरीद गरी पठाउने काम भई रहेको

**शिक्षा :**

१. क्रिएटिभ एडुटेनमेन्ट वर्ल्ड प्रा.लि. सँग संझौता गरी टकिङ्ग टिचर प्याकेज अन्तरगत टकिङ्ग पेन, टकिङ्ग बुक्सका माध्यम बाट हरेक वडाका १/१ वटा अगुवा विद्यालयहरुमा शिक्षण सिकाईको सुरुवात गरीएको ।

२.

| क्र.स. | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | तलब भत्ता | २,५९,८४,६६२.३० |
| २ | बाल शिक्षक तलब | १०,०८,०००.०० |
| ३ | विद्यालय कर्मचारी तलब खर्च | १४,७६,०००.०० |
| ४ | विद्यायल संचालन तथा व्यवस्थापन | २१,९०,०००.०० |
| ५ | विशेष शिक्षा संचालन खर्च | १,६०,०००.०० |
| ६ | आवाशिय छात्रा वृति खर्च | ४,००,०००.०० |
| ७ | सामुदायीक सिकाई केन्द्र (स.का. तलब) | ४७,४००.०० |

**ऐन निर्माण तथा कार्यन्वयन :**

१. व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि-२०७५
२. उपभोक्ता समिति गठन, परीचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि-२०७५
३. घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि-२०७५
४. विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि-२०७५
५. एफ.एम.रेडीयो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०७५
६. राज पत्र प्रकाशन सम्वन्धी कार्यविधि-२०७५
७. सेवा करार कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि-२०७५
८. सहकारी ऐन-२०७५
९. स्वास्थ्य तथा सरसफाई ऐन-२०७५
१०. बजार अनुगमन निर्देशिका-२०७५
११. कृषि व्यवसाय प्रवर्दन ऐन-२०७५

**विषेश पर्व तथा दिवश :**

१. १५ औं निजामति सेवा दिवश
२. संविधान दिवश

**अन्तरक्रिया तथा अभिमुखिकरण :**

१. स्थानिय सरकार संग कर्मचारी प्रशासन विषयक अन्तरक्रिया
२. उपभोक्ता समितिका पदाधिकारीहरु लाई योजना संचालन सम्वन्धी अभिमुखिकरण (४ पटक)
३. ९ वटै वडाका वडा सचिव तथा प्रशासन सहायकहरुलाई सोहि विषयमा अभिमुखिकरण (१ पटक)
४. विषयगत शाखाहरु संग कार्य प्रगति सम्वन्धी अन्तरक्रिया
५. टकिङ्ग पेन सम्वन्धी अभिमुखिकरण कार्यक्रम
६. भुकम्प सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रम

**न्यायिक सम्पादन :**

१. मेलमिलाप केन्द्रको गठन

२. हाल सम्म १२ वटा उजुरी दर्ता १० वटा उजुरी छलफल पछि किनारा लागेको २ वटा विचाराधिन

## सामाजिक सुरक्षा :

| वडा नं. | जेष्ठ नागरिक भत्ता- अन्य | जेष्ठ नागरिक भत्ता (दलित) | एकल महिला भत्ता | बिधवा भत्ता | पूर्ण अपाङ्गता भत्ता | अति अशक्त अपाङ्गता भत्ता | बालबलिका सुरक्षा भत्ता - दलित | जे.ना. औषधी उपचार भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या | संख्या |
| १ | ९७ | १८ | १ | ५१ | ० | ४ | ३४ | १०९ | २०५ |
| २ | ८५ | १० | ७ | ५० | २ | १ | १६ | १०४ | १७१ |
| ३ | १४० | ५० | ० | ५४ | १ | ३ | ४९ | १६९ | २९७ |
| ४ | ९८ | ४० | ० | ५६ | १ | ० | ५७ | १२३ | २५२ |
| ५ | ७२ | ० | ३ | ४४ | ३ | ८ | ० | ७७ | १३० |
| ६ | १०९ | २९ | ५६ | ५१ | ५ | ४ | ५५ | १५२ | ३०९ |
| ७ | ८३ | ३९ | १३ | ३८ | ४ | ६ | ४२ | १०७ | २२५ |
| ८ | १३६ | ३३ | ३२ | ६१ | ६ | २५ | ६३ | १६७ | ३५६ |
| ९ | १२० | ४६ | २४ | ३७ | ४ | १४ | ६८ | १५१ | ३१३ |
| **जम्मा** | **९४०** | **२६५** | **१३६** | **४४२** | **२६** | **६५** | **३८४** | **११५९** | **२२५८** |

## व्यक्तिगत घटना दर्ता :

| जन्म दर्ता जम्मा | मृत्यु दर्ता जम्मा | विवाह दर्ता संख्या | बसाईसराई दर्ता संख्या | बसाईसराई गएको संख्या | बसाईसराई आएको संख्या | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| १३१ | २१ | ५० | १७ | ५० | २ | १ |

## भुकम्प प्रभावित घरहरुको पुननिर्माण सम्बन्धि प्रगति विवरण

| वडा नं. | जम्मा लाभग्राही संख्या | सम्झौता गरेको जम्मा संख्या | प्रथम कीस्ता लीएको संख्या | दोस्रो कीस्ता लीएको संख्या | तेस्रो कीस्ता लीएको संख्या | पुरानो घरको संख्या | सुधान गर्न दिएको संख्या | प्रवलिकरणको संख्या | निरीक्षण घर संख्या | गुनासो भर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८२ | ८२ | ६९ | ३० | ३० | १० | | | ६१ | ४ | |
| २ | ६९ | ६९ | ६७ | १२ | १० | ४७ | | | ६७ | २१ | ९ फिर्ता फारमा |
| ३ | १०२ | १०२ | ९२ | ५६ | ४५ | १७ | १ | | ९२ | ५६ | ९ फिर्ता फारमा |
| ४ | ९६ | ९६ | ८४ | ३८ | १५ | ४ | | | ३६ | ४८ | |
| ५ | ४१ | ४१ | ३७ | २३ | १५ | ५ | | | ३७ | ६ | |
| ६ | १०१ | १०१ | ८२ | ५४ | १५ | ६ | १ | | ८२ | ४० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | १३२ | १३२ | ११३ | ४१ | १३ | १८ | | ३ | ११३ | ३४ | |
| ८ | १२१ | १२१ | ११९ | ८८ | ३९ | ३ | | १ | ११९ | ५९ | |
| ९ | १६३ | १६३ | १५७ | १०४ | ६० | १५ | | | १४५ | २६९ | |
| **जम्मा** | **९०७** | **९०७** | **८१२** | **४४६** | **२४२** | **१२५** | **२** | **४** | **७५२** | **५३७** | |

अन्त्यमा, खोटेहाङ गाउँपालिकाले आ.व. २०७५।०७६ को अर्धवार्षिक अवधिमा सम्पादन गरेका कार्यलाई साक्षात्कार गराउने उदेश्यले आयोजना गरेको यस सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित महानुभावहरुलाई आफुलाई लागेका जिज्ञासाका सम्वन्धमा प्रश्न सोधि जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरु बाट चित्त बुझ्दो जवाफ लिएर सम्पादित काम मा प्रस्ट भईदिन अनुरोध गर्दै म र मेरो पदिय जिम्मेवारी संग सम्वन्धित जिज्ञासामा छलफल गर्न उपस्थित हुने गरी विदा चाहान्छु ।

नमस्कार, धन्यवाद ।

**प्रश्तुत कर्ता**
प्रदिप राई
अध्यक्ष
खोटेहाङ गाउँपालिका, खोटाङबजार खोटाङ
२०७५।१०।१४ गते सावाकटहरे